# आ.व. २०८१/०८२ को
# बार्षिक वजेट तथा कार्यक्रम

महाकाली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

खलंगा, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

# महाकाली नगरपालिकाको आ.व. २०८१।०८२ को बजेट तथा कार्यक्रम

यस गरिमामय १४ औ नगर सभा अधिवेशनको अध्यक्षता गरिरहनु भएका नगर प्रमुखज्यू, नौ वटै वडाका वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू, नगरसभा सदस्यज्यू लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्न चाहन्छु।

**नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐनमा भएको व्यवस्था बमोजिम** महाकाली नगरपालिकाको उपप्रमुखको हैसियतले अगामी आर्थिक वर्ष २०८१।०८२ को बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु। प्रस्तुत बजेट **"समृद्ध महाकाली सुखी महाकाली बासी" को** दीगो आकांक्षा प्राप्तिको गन्तव्य तर्फको नगरको तेश्रो बर्षको बजेट हुनेछ।

यस अवसरमा म मुलुकको राष्ट्रियता, अखण्डता, सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनता, गणतन्त्र, संघीयता, स्वतन्त्रता तथा शान्ति र समृद्धिका लागि विभिन्न कालखण्डमा आफ्नो अमूल्य ज्यान उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। मुलुकको लोकतन्त्र प्राप्तिको अभियानमा नेतृत्व प्रदान गर्नु हुने हाम्रा वीर पुर्खा तथा अग्रजहरू प्रति उच्च सम्मान व्यक्त गर्दै अग्रगामी रुपान्तरणमा वहाँहरूले पुर्‍याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु।

आगामी आर्थिक वर्षको बजेट तर्जूमा गर्दा नगर सञ्चित कोषबाट, योजना तथा कार्यक्रम छनौट गर्दा आधारभूत स्वास्थ्यको सुनिश्चितता, विपद् र विभिन्न विश्वव्यापी महामारीबाट जनताको जीउधनको सुरक्षाको सुनिश्चिता गर्दै स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिता अभिबृद्धि गर्ने, स्थानीय राजस्व परिचालनमा प्रत्यक्ष योगदान पुऱ्याउने, लैंगिक समानता, सामाजिक समावेशीकरण अभिबृद्धि हुने, आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने, उत्पादनमूलक र छिटो प्रतिफल दिने, सेवा प्रवाह संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने, विपद् व्यवस्थापन र वातावरण संरक्षणमा योगदान पुऱ्याउने, कृषि र पशुपालनलाई व्यवसायीकरण तथा आधुनिकीकरण गर्ने, उद्यमशीलता विकास र तुलनात्मक रुपमा विकासको मूलप्रवाहमा पछि परेका वर्ग र समूहको उत्थान एवं मूलप्रवाहीकरणमा योगदान पुऱ्याउने किसिमका आयोजना तथा कार्यक्रमहरुलाई प्राथमिकतामा राखि आवश्यक बजेट विनियोजन गरेको छु ।

**आदरणीय नगरसभा अध्यक्षज्यू तथा नगर सभा सदस्यज्यूहरू,**

नगरपालिकाको आम्दानीको स्रोतमा संघ र प्रदेश सरकारबाट नगरपालिकालाई प्राप्त हुने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, विशेष तथा अन्य अनुदान र राजस्व एवं सवारी साधन

कर बाँडफाँड बापत प्राप्त हुने रकमका साथै नगरपालिकाको आन्तरिक आय तथा विभिन्न श्रोतबाट नगरपालिकाको सञ्चित कोषमा प्राप्त हुने रकम र अन्तर सरकारी अख्तियारी मार्फत प्राप्त श्रोत मूख्य हुन। उपर्युक्त स्रोतहरूको मितव्ययी र उचित बाँडफाँड तथा विनियोजन गरी महाकाली नगरपालिकाको सर्वाङ्गीण क्षेत्रको विकासलाई समेट्ने प्रयास गरेको छु ।

**आदरणीय नगरसभा अध्यक्षज्यू तथा नगर सभा सदस्यज्यूहरू,**

अब म आर्थिक वर्ष २०८१।०८२ को वार्षिक बजेट तथा कार्यक्रमको सोच, लक्ष्य र उदेश्य प्रस्तुत गर्ने अनुमति चाहन्छुः

**<u>सोच, लक्ष्य, उद्देश्य</u>**

**सोचः** समृद्ध महाकाली सुखी महाकाली बासी ।

**लक्ष्यः** दीगो शान्ति विकास सुशासन र सेवा प्रवाहको माध्यमबाट समुन्नत सुखी र समृद्ध महाकाली निर्माण गर्ने ।

**उद्देश्यहरूः**

१. कृषिलाई व्यवसायीकरण तथा विविधीकरणबाट कृषि उत्पादन र उत्पादकत्व बढाउदै आर्थिक वृद्धि तथा रोजगारीका अवसर सिर्जना गर्ने,

२. शैक्षिक पूर्वाधार तथा जनशक्तिको उचित व्यवस्थापन तथा परिचालन गरी माध्यमिक तह सम्म सर्वसुलभ र गुणस्तरीय शिक्षाको सुनिश्चिता गर्ने,

३. महाकाली बासीको आधारभूत स्वास्थ्य सेवाको सुनिश्चिता गर्दै महामारी जन्य रोगबाट सुरक्षा तथा स्वस्थ र गुणस्तरीय जीवनको आधार निर्माण गर्ने,

४. अत्यावश्यक पूर्वाधारको निर्माण तथा मर्मत सम्भार गर्दै विकासको गतिलाई निरन्तरता दिने ,

५. सामाजिक सुरक्षा तथा आर्थिक सहायताको माध्यमबाट समाजमा रहेका असहाय, सीमान्तकृत तथा पछि पारिएको, आफ्नो जीवन निर्वाह स्वयम् गर्न नसक्ने वर्गको संरक्षण र सशक्तीकरण गर्दै सुशासन विकास तथा सेवा प्रवाहमा मूल प्रवाहिकरण गर्ने,

६. कर्मचारी तथा जनप्रतिनिधिहरूमा जवाफदेहिता र पारदर्शिताको संस्कार कायम गर्दै जनमैत्री शासन व्यवस्था संचालन गर्ने,

**<u>नगर सभाध्यक्षज्यू, सदस्यज्यूहरु</u>**

आर्थिक वर्ष २०८१।०८२ को वार्षिक बजेट तथा कार्यक्रम तर्जूमा गर्दा अवलम्बन गरिएका मुख्य आधार तथा प्राथमिकताहरू प्रस्तुत गर्दैछुः

- नेपालको सविधानको मौलिक हक तथा अनुसूची ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल अधिकार तथा साझा अधिकार
- नेपाल सरकाको विनियोजन विधयेक २०८१ का सिद्धान्त र प्राथमिकताहरु
- नेपाल सरकारको आर्थिक वर्ष २०८१/०८२ को बजेट
- सोह्रौ योजनाका अवधारणा पत्र
- सुदूरपश्चिम प्रदेशको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम र बजेट
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ का विभिन्न प्रावधानहरु
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४
- बिगत वर्षहरुमा सम्पन्न भएका नगर सभाहरुबाट पारित भएका निर्णयहरु
- स्थानीय राजस्व परामर्श समिति स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति तथा बिषयगत समितिहरुबाट प्राप्त राय सल्लाह र सुझावहरु

**नगर सभाध्यक्षज्यू, नगर सभा सदस्यज्यू**

मैले यो बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ लगायतका विद्यमान ऐन कानूनहरूको मर्म र भावना, नेपाल सरकारको नीति तथा कार्यक्रम र २०८१।०८२ को बार्षिक बजेट, सोह्रौ योजनाको अवधारणा पत्र, दीगो विकास लक्ष्यहरु, निर्वाचनको घोषणापत्रमा गरिएका प्रतिवद्धता, विभिन्न विषयगत समिति तथा राजश्व परामर्श समितिका निर्णयहरू, कार्यपालिका सदस्यज्यूहरुको सुझाव विभिन्न राजनीतिक दल संघ संस्था, विभिन्न क्षेत्रमा कार्यरत विज्ञ, नागरिक समाज, बुद्धिजीवी, कर्मचारी, आम महाकाली बासी जनता समेतबाट प्राप्त रचनात्मक सुझाव प्रमुख मार्गदर्शनको रूपमा लिएको छु ।

**आदरणीय नगरसभा सदस्यज्यूहरू,** आम महाकाली बासी जनताबाट विभिन्न वडाको वस्तिस्तरीय भेला मार्फत सङ्कलित सबै माग र आवश्यकता लाई यसै बजेटबाट सम्बोधन गर्न नसकिएता पनि उपलब्ध सीमित स्रोत साधनको दायरा भित्र रहि प्राथमिकताका आधारमा यस महाकाली नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को बजेट तथा कार्यक्रम देहाय अनुसार अनुमान गरेको हुँदा यस सम्मानित सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

अव म चालु आर्थिक वर्ष २०८०।०८१ को हालसम्मको आम्दानी तथा खर्चको विवरण पेश गर्ने अनुमति चाहन्छु ।

**आम्दानी तर्फ**

- चालु आर्थिक वर्ष २०८०।०८१ को लागि कुल विनियोजित अनुमान रकम ६३ करोड २३ लाख ९८ हजारमा हाल सम्म ४६ करोड ८९ लाख ७८ हजार निकासा भइ आम्दानी बाधिएको छ ।
- चालु आर्थिक वर्ष २०८०।०८१ मा १ करोड १२ लाख ७५ हजार राजश्व संकलन हुने अनुमान गरिएकोमा हाल सम्म ७० लाख राजश्व रकम मात्र संकलन भएको छ ।

**खर्च तर्फ**

- आर्थिक वर्ष २०८०।०८१ मा हाल सम्म चालु तर्फ कुल विनियोजित बजेट ४७ करोड ८४ लाख ९९ हजार मध्ये ३७ करोड २६ लाख ७२ हजार लगभग ७८ प्रतिशत खर्च भएको देखिन्छ ।
- पूँजीगत तर्फ भने कुल विनियोजित बजेट ९ करोड ८९ लाख ९६ हजार मध्ये ५ करोड ९० लाख ९३ हजार लगभग ६० प्रतिशत खर्च भएको छ ।

**आदरणीय नगरसभा अध्यक्षज्यू, सदस्यज्यूहरू,**

अब आर्थिक वर्ष २०८१।०८२ को अनुमानित आय तथा व्यय अनुमानको विवरण यस गरिमामय सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु।

**आय तर्फ**

आगामी आर्थिक वर्ष २०८१।०८२ मा कुल ६६ करोड ९९ लाख ५८ हजार बजेट विभिन्न स्रोतबाट तपसिल बमोजिम प्राप्त हुने अनुमान गरिएको छ ।

**तपसिल**

| क.सं. | विवरण | २०८१/८२ को अनुमान |
|---|---|---|
| 1 | संघीय वित्तिय समानिकरण अनुदान रकम | 12 करोड 94 लाख |
| 2 | संघीय राजश्व बाँडफाँड रकम | 9 करोड 11 लाख |
| 3 | संघीय सशर्त अनुदान रकम चालु | २९ करोड ८ लाख ६४ हजार |
| ४ | संघीय सशर्त अनुदान रकम पूँजीगत | ३० लाख |
| ५ | प्रदेश वित्तिय समानिकरण अनुदान रकम | 1 करोड 22 लाख 57 हजार |

| क्र.सं. | विवरण | २०८१/८२ को अनुमान |
|---|---|---|
| ८ | प्रदेश सवारी साधन कर तथा राजस्व बाँडफाँट रकम | 20 लाख 37 हजार |
| ९ | प्रदेश बिशेष अनुदान रकम | ९० लाख |
| १० | संघीय समपुरक अनुदान रकम | १ करोड ४५ लाख |
| ११ | प्रदेश समपुरक अनुदान रकम | १ करोड ४० लाख |
| १२ | सामाजिक सुरक्षा अनुदान | ८ करोड |
| १३ | आन्तिरक आय | १ करोड १३ लाख |
| १४ | विभिन्न कोष मौज्दात | ४५ लाख |
| १५ | धरौटी | ८० लाख |
| **कुल जम्मा** | | 66 करोड 99 लाख 58 हजार |

**व्यय तर्फ**

व्यय तर्फ आर्थिक वर्ष २०८१।०८२ को लागि तपसिल अनुसारको शीर्षकमा निम्नअनुसारको खर्च हुने अनुमान गरिएको छः

तपसिल

| सि.नं. | खर्च शीर्षक | अनुमानित रकम रु. |
|---|---|---|
| १ | चालु खर्च अनुमान | ५७ करोड १४ लाख ५८ हजार |
| २ | पूँजीगत खर्च अनुमान | ८ करोड ६० लाख |
| ३ | वित्तीय खर्च अनुमान | १ करोड २५ लाख |
| | कुल | ६६ करोड ९९ लाख ५८ हजार |

**आदरणीय नगरसभा अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु,**

माथि उल्लिखित चालु, पूँजीगत तथा वित्तीय खर्च शीर्षकहरुमा तपसिलका विषयगत क्षेत्रअन्तरगत देहाय अनुसार खर्च अनुमान गरिएको छः

**क) आर्थिक विकासको क्षेत्र:**

आर्थिक वर्ष २०८१।०८२ मा आर्थिक विकास संग सम्बन्धित क्षेत्रहरुको प्रभावकारी कार्यान्वयनको लागि सशर्त अनुदान सहित आवश्यक बजेट व्यवस्था गरेको छु ।

जस अन्तरगत

१. कृषि तथा पशुपंक्षी विकासको क्षेत्रमा सशर्त अनुदान बाहेक एक वडा एक कृषि तथा पशु प्राविधिक सेवालाइ निरन्तरता दिन आवश्यक बजेट व्यवस्था गरेको छु ।

२. तरकारीको बीउबिजन वितरण तथा वालि संरक्षण सेवा संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

३. मलखाद तथा कृषि यान्त्रीकरण औजार व्यवस्थापन तथा हस्तान्तरणको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

४. ओखरखेती तथा बाख्रापालन व्यवसाय संचालनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

५. बहुउद्देश्यिय नगर भू-उपयोग तथा कृषि आधुनिकीकरण योजना संचालन गर्न कृषि साझेदारी तथा नगर कृषक कार्यक्रम कार्यान्वयन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

६. कृषि तथा पशुपालन सम्बन्धी पकेट क्षेत्र बिस्तार तथा कार्यान्वयनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

७. पशु स्वास्थ्य अन्तरगत औषधि उपचार नस्ल सुधार तथा पशुपालन पकेट क्षेत्र व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

८. सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

९. धार्मिक सांस्कृतिक पुरातात्विक क्षेत्रको संरक्षण प्रवर्दन र मन्दिर निर्माणको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

१०. स्थानीय भाषा संस्कृति तथा पर्यटनको विकासका लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

११. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तरगत वित्तीय समानीकरण र ससर्त अनुदान आवश्यक बजेट विनियोजन गरेको छु ।

१२. उद्यम विकास उत्प्रेरक कार्यक्रम कार्यान्वयनको लागि आवश्यक बजेट व्यवस्था गरेको छ

१३. स्थानीय रोजगारी श्रृजना गर्ने कार्यक्रम कार्यान्वयन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

## ख)सामाजिक विकासको क्षेत्र:

आर्थिक वर्ष २०८१।०८२ मा सामाजिक विकासको क्षेत्र संग सम्बन्धित क्रियाकलाहरु प्रभावकारी कार्यान्वयनको लागि सशर्त अनुदान सहित आवश्यक बजेट व्यवस्था गरेकोछु ।

जस अन्तरगत

१. विद्यालय सुदृढीकरणका लागि शैक्षिक तथा भौतिक व्यवस्थापन अन्तरगतका विभिन्न क्षेत्रहरुमा आवश्यक बजेट विनियोजन गरेको छु ।

२. वाल विकास सहजकर्ता तथा विद्यालय शिक्षक कर्मचारीहरुको सेवा सुविधाको लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

३. उच्च शिक्षा अध्ययनमा जेहेन्दार विपन्न परिवारका विद्यार्थीलाई नगरभित्र संचालित क्याम्पसहरु सँग समन्वय गरी छात्रवृति उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४. नगरस्तरीय खेलकुद प्रतियोगिता संचालनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

५. शैक्षिक गुणस्तर कायम गर्दै सर्व सुलभ शिक्षा व्यवस्थापनको लागि नगर शिक्षक व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

६. शैक्षिक गुणस्तर कायम शिक्षक कर्मचारीहरुको क्षामता विकास कार्यक्रम कार्यान्वयन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

७. विद्यालयहरुमा संचालित दिवा खाजा कार्यक्रम व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

८. गैह्र सरकारी संस्थाहरुबाट पेश भएको प्रस्ताव बमोजिमको कार्यक्रम कार्यान्वयन आवश्यक बजेट व्यवस्था गरेको छु।

९. नगर क्षेत्र भित्रका स्वास्थ्य संस्था संचालन, व्यवस्थापन तथा सुदृढीकरणको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१०. महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन खर्च प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिदै आवश्यक वजेट विनियोजन गरेको छु ।

११. वर्थिङ सेन्टरमा कार्यरत अ.न.मी.हरुलाई प्रोत्साहन खर्च प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिदै आवश्यक बजेट विनियोजन गरेको छु ।

१२. ज्येष्ठ नागरिक लक्षित, महिला लक्षित, दलित लक्षित, जनजाति अल्पसंख्यक लक्षित, बालबालिका लक्षित तथा समाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

१३. ज्येष्ठ नागरिक, महिला तथा बालबालिका माँझ नगर उपप्रमुख कार्यक्रम मार्फत ज्येष्ठ आमा बुबाको हेरचाह, सुत्केरी महिला स्याहार, महिला सशक्तिकरण, महिला हिंसा न्यूनीकरण, बालबालिका, दलीत, फरक क्षमता भएका नागरिक र आदिवासी जनजातिको संरक्षण लगायतका क्षेत्रमा कार्यक्रम संचालन गर्नका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

१४.विपद् व्यवस्थापन, महामारी न्यूनीकरण, सरसफाई, वन वातावरण संरक्षण, समाजिक परिचालन र स्थानीय विकास निर्माण लगायतका कार्यमा युवा परिचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१५. लागु औषध दुरुपयोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

## ग) पूर्वाधार विकासको क्षेत्र:

आर्थिक वर्ष २०८१।०८२ पूर्वाधार विकासको क्षेत्र अन्तरगतका क्रियाकलाप कार्यान्वयन गर्न सशर्त अनुदान सहित आवश्यक बजेट व्यवस्था गरेको छु ।

जस अन्तरगत

१. सडक तथा यातायात क्षेत्रको विस्तार तथा नियमित संचालनको आवश्यक बजेट विनियोजन गरेको छु।
२. नगर क्षेत्र भित्र वडा कार्यालय भवन निर्माण तथा स्वास्थ्य संस्था भवन निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
३. सडक, बाटो, झोलुङ्गे, पूल, खानेपानी, सिंचाइ लगायतका क्षेत्रको कार्यान्वयनका लागि आवश्यक समपूरक कोष खर्च अनुमान गरेको छु ।
४. वडा स्तरीय योजना तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।
५. राष्ट्रिय भवन संहिता कार्यान्वयन प्रक्रियाको लागि आवश्यक बजेट व्यावस्था गरेको छु ।

**घ) वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्र:**

१. वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्र_अन्तरगतका क्रियाकलाप संचालन तथा कार्यान्वयन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।
२. समय समयमा निम्तिने जोखिम विपद तथा प्राक्रितिक आपदाहरुको सामना गर्न प्रकोप व्यवस्थापन कोष व्यवस्थापको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

## ङ) सुशासन तथा संस्थागत विकास:

आर्थिक वर्ष २०८१।०८२ का सुशासन तथा संस्थागत विकास अन्तरगतका क्रियाकलाप संचालनको लागि राजस्व बाँडफाड तथा आन्तरिक आय बाहेक आवश्यक बजेट व्यवस्था गरेको छु।

जस अन्तरगतः

१. न्यायिक समिति संचालन तथा व्यवस्थापनका लागि आवश्यक रकम विनियोजन गरेको छु।

२. जेष्ठ नागरिक, महिला, बालबालीका, दलीत, आदिवासी जनजाति लक्षित कार्यक्रम कार्यान्वयन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

३. कार्यालय तथा जनशक्ति व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

४. पंजिकरण तथा घटना दर्ता कार्यक्रमलाई निरन्तर दिन आवश्यक बजेटको व्यवस्था गरेको छु।

च) **अन्य क्षेत्रहरु**

१. महाकाली समृद्धि कार्यक्रम मार्फत नगरपालिकाको सर्वाङ्गीण विकासका निमित्त आवश्यक बजेट व्यवस्थापन गरी कार्यक्रमलाइ निरन्तरता दिएको छु ।

२. प्रधानमन्त्री स्वरोजगार कार्यक्रमको प्रभावकारी संचालनको लागि साझेदारी कार्यक्रम संचालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

३. नगरपालिकाबाट तयार गरिएको गुरु योजना, आवधिक योजना, रणनैतिक योजना, क्षमता विकास योजना तथा बिस्तृत आयोजना प्रस्तावहरु कार्यान्वयन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

**आदरणीय नगरसभा अध्यक्षज्यू, सदस्यज्यूहरू,**

यस गरिमामय सभा समक्ष महाकाली नगरपालिकाको आर्थिक विधेयक, २०८१ र विनियोजन विधेयक, २०८१ अनुसूची मार्फत प्रस्तुत गरिएको छ । सो सम्बन्धमा अध्ययन गरी सुझाव पेश गर्नु हुनेछ भन्ने विश्वास लिएको छु।

अन्त्यमा,

आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रम तर्जूमा गर्ने चरणमा सहयोग पुऱ्याउनु हुने नगर प्रमुख, नगरकार्यपालिका सदस्य, नगर सभा सदस्यज्यूहरू, राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जूमा समिति लगायत सम्पूर्ण विषयगत समितिका पदाधिकारीज्यूहरू, वस्तिस्तरीय भेला देखि सहभागी भई आयोजना कार्यक्रम छनौटमा प्रत्यक्ष र अप्रत्यक्ष रुपले सक्रिय जनसमुदाय, निरन्तर सुझाव र सल्लाह प्रदान गर्ने राजनीतिक दल, सरकारी तथा गैर सरकारी संघसंस्था नागरिक समाज, बुद्धिजिवी वर्ग, पत्रकार, लागायत बजेट निर्माण प्रकृयामा अहोरात्र खटिनु भएका राष्ट्रसेवक कर्मचारीहरु एवं बजेट निर्माण प्रकृयामा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहभागि भई अमूल्य सहयोग, सद्भाव, सल्लाह दिनु हुने सम्पूर्ण महानुभावप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद

दुर्गा कुमारी खत्री बिष्ट

नगर उपप्रमुख